# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २२ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले ईरानको राष्टपति मसूद पेजेशकियनसित फोनमा बात गर्दै इज्रायल र ईरानको संघर्षप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो।

२. गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले आज दार्जीलिङमा पहिलो सुवास घिसिङ स्मृति पुरस्कार, रेणुलिना सुब्बालाई प्रदान गरेको छ।

३. सिलगढी शहरमा दिउँसै एउटा सुन दोकानमा डकैती भएको घटनाले व्यापक संत्रास फैलिएको छ।

४. दार्जिलिङ पुलबजार खण्ड अधिनस्त मजुवा ग्राम क्षेत्र वासीहरूले बिजुली अनियमितताको गुनासो लिएर विद्युत अधिकारीहरू सित भेट गरेका छन्।

५. पश्चिम बंगालमा बर्षको क्रम जारी रहे पनि निम्न दबावको क्षेत्र अब बिस्तारै कमजोर भैरहेको छ।

**पी.एम.मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले ईरानको राष्टपति मसूद पेजेशकियनसित फोनमा बात गर्नुभएको छ तथा इज्रायल र ईरानको संघर्षप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो। यस कुराको जानकारी आफनो सामाजिक संजाल पोस्ट मार्फत जानकारी गराउदै तनावलाई तत्काल कम गर्ने, वार्ता र कुटनैतिक माध्यमले समस्याको समाधान गर्ने अनि क्षेत्रमा शान्ति, सुरक्षा र स्थिरतालाई चाड़ोभन्दा चाड़ो आग्रह उहाले गर्नुभएको छ।

**दार्जिलिङ**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले आज दार्जीलिङमा पहिलो सुवास घिसिङ स्मृति पुरस्कार, राजनीतिक अनि सामाजिक क्षेत्रमा योगदान दिएकी रेणुलिना सुब्बालाई भव्य समारोह बीच प्रदान गरेको छ। गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो)-का संस्थापक सुवास घिसिङको जन्म जयन्तीको छेक पारेर यो पुरस्कार प्रदान गरिएको हो। दार्जिलिङको भानु भवनमा सम्पन्न समारोहमा जिटिए प्रमुख अनित थापा, कालेबुङका बिधायक रुदेन सादा लेप्चा, दार्जीलिङका बिधायक निरज जिम्बा, गोरामुमो अध्यक्ष मन घिसिङ लगायत अन्यको उपस्थिति रहेको थियो। यसै समारोहलाई सम्बोधन गर्दै जिटिए प्रमुख अनित थापाले जीटीए सुवास घिसिङको देन रहेको बताउनु भयो।

*बाइट*

यसका साथमा श्री थापाले गोर्खा रगमन्च भित्रको अडिरोरियमलाई सुवास घिसिङ अडिरोरियमको नामले चिनिने घोषणा गर्नुभयो। यसैगरी गोरामुमो अध्यक्ष मन घिसिङले आज आफ्नो वीर आप्पाको जन्मदिवसको अवसरमा आप्पाकै स्मरणमा लडाकु, राजनैतिक चेत भएका व्यक्तित्वलाई सम्मान गरेको देख्दा गर्वबोध भएको बताउनु भयो।

*बाइट*

अर्कोतिर सुवास घिसिङ पुरस्कारले सम्मानित हुनु पाउनु आफ्नो निम्ति अहोभाग्य रहेको पुरस्कृत रेणुलिना सुब्बाले बताउनु भयो।

**सिलगडी**

आपराधिक गतिविधिहरू लगातार बढिरहेको सिलगढी शहरमा दिउँसै एउटा सुन दोकानमा डकैती भएको घटनाले व्यापक संत्रास फैलिएको छ। घटना आज दिउँसो भएको हो। सिलगढीको मुटु मानिने हिलकार्ट रोडमा अवस्थित सुनको गहना दोकानमा बन्दुक देखाएर लुटपाट भएको बताइएको छ। केही दिनअघि मात्र सिलगढीको एउटा एटीएममा चोरी भएको थियो। यस घटनाका

अभियुक्तहरूलाई पक्राउ गर्न अघि नै फेरि सुन दोकानमा भएको डकैतीबाट व्यापारी समुदाय अहिले त्रसित छन्। डकैतहरूमा दुई महिला पनि सामेल रहेको बताइएको छ। अर्कोतिर पुलिसले भाग्दै गर्दा दुवैलाई पक्राउ गर्न सफल भएको बताइएको छ।

**बांग्लादेशी नागरिक-पक्राउ**

सशस्त्र सीमा बल (एसएसबी) को 41 बटालियनका जवानहरुले एक बांग्लादेशी नागरिकलाई पक्राउ गरिएको छ। पक्राउ गरिएको ब्येक्ति बांग्लादेशको दिनाजपुरका बासिन्दा हुन्। एसएसबीले अघिको कार्यवाहीको लागि बांग्लादेशी नागरिकलाई नक्सलबाड़ी थानाको पुलिसलाई सुम्पिएको छ। पुलिस सूत्रहरु अनुसार, एसएसबीको 41 ओ बटालियनका जवानहरुले नक्सलबाड़ी स्थित भारत-नेपाल सीमामा फुटानी मोड़ नजिकको छेत्रबाट हिज राती एक ब्येक्तिलाई संदिग्ध अवस्थामा घुमिरहेको भेटे। त्येस पछि जवानहरुले उसलाई पक्रिए। एसएसबीले पक्राउ गरिएको ब्येक्तिबाट बांग्लादेशी पहिचान पत्र फेला परेको छ। आरोपि ब्येक्ति अवैध रूपमा काम गर्न भारतमा प्रवेश गरेका थिए।

**बिजुली-अनियमितता**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्त मजुवा ग्राम क्षेत्रवासीहरूले बिजुली अनियमितताको गुनासो लिएर विद्युत अधिकारीहरू सित भेट गरेका छन्। मजुवा ग्राम माथिल्लो भेगका उपभोक्ताहरूमा धेरै अघिदेखि बिजुलीको अनियमितता बारे जनगुनासो जनाउदै आइरहेका थिए। यसैलाई केन्दि्त गर्दै विद्युत अधिकारीहरूसित भेट गर्नको साथै बिजनबारी एसएससित टलिफोनिक बात गरिएको र अब उसो बत्ती नियमित रूपमा हुनुपर्ने बिषय माथि बातचीत भएको स्थानीय दिलन सुब्बाले जनाएका छन।

**वृक्ष रोपन**

नारी सिप विकास संघ खरसाङको आयोजनामा आज खरसाङको पर्यटकीय स्थल इगल क्र्याक क्षेत्रमा वृक्ष रोपण कार्य सम्पन्न गरिएको छ। बिहान खरसाङको प्रसिद्ध पर्यटकीय स्थल इगल क्र्याक (दुर्बीन डाँडा) क्षेत्रमा विभिन्न प्रजातिका बिरुवाहरु रोप्ने कार्य सम्पन्न भएको छ। यस कार्यको थालनी गर्न अघि नारी सिप विकास संघका सभापति एंव पूर्व सभासद प्रभा छेत्रीले यसको उद्देश्य र औचित्य विषयमा जानकारी गराएकी थिइन्। त्यसरी नै अतिथिहरुमा खरसाङ पुलिस अधिकारीहरु अन्य पुलिसकर्मीहरु, क्यासल्टन चियाबारीका प्रबन्धक लगायत अन्यहरु उपस्थित रहेर वृक्ष रोपणको कार्य गरेका थिए। वृक्ष रोपण कार्यमा 500 वटा बिरुवाहरु डी.एफ.ओ देवेस पाण्डेको सहयोगमा बाघगौडा रेञ्जको रेञ्ज अफिसर सुनिल राईको तर्फबाट प्राप्त भएको र आज 50 वटा जति रोपिएको अनि अन्य बिरुवाहरु भोलिदेखि लगातार रुपमा खरसाङको विभिन्न स्थानहरुमा रोप्ने कार्य गरिने जानकारी प्राप्त भएको छ।

**पेशोक**

रंगली रंगलीयट खण्ड अन्तर्गत लामाहट्टा ग्राम पञ्चायत अधिनस्थ रहेका खासमहलका उद्यमीहरुलाई जीटीए-को कृषि विभागका एसिस्टेन्ट डाईरेक्टरद्वारा हिज लामाहट्टा क्लस्टरका लगभग 212 जना उद्यमीहरूलाई पचास पचास वटा कुखुराको चल्ला अनि डेढ क्वीन्टल चारो वितरण गरिनुका साथै कोदोको बिउँ बितरण गरिएको छ। तक्दाह चियाबारी खेलमैदानमा गरिएको कार्यक्रममा कृषि विभागीय कार्यकारी सभासद सतिश पोखे्रल, भागोप्रमो खरसाङ महकुमा महासचिव एवं एम०ओ०डि० सभासद प्रणाम रसाईली साथै कृषि विभागीय एसिस्टेन डाईरेक्टर पि०एन० बस्नेत आदिको उपस्थितिमा ती कुखुराको चल्ला, चारो अनि कोदोको बिरुवा वितरण गरिएको थियो।

**सिङला**

एक बिशेष अभियानको क्रममा पुलबजार थाना अन्तर्गत सिक्किम अनि दार्जिलिङलाई जोड्ने सिंगला रम्माम पुलमा नाका चेकिङको क्रममा सिङला आउटपोस्टबाट खटिएका अधिकारीहरुले ब्राउन सुगरसहित एकजनालाई प्रकाउ गरेका छन्। हिज साझ नाका चेकिङको क्रममा जोरथाङ सिक्किम तर्फबाट सिङला जाने एक व्यक्तिसग चेकिङको क्रममा शकास्पद रूपमा एघार वटा प्यास्टिकको जिपलक पाउच फेला परेपछि त्यसलाई थप अनुष्धान गरिएको थियो जसमा ब्राउन सुगर फेला परेपछि एक

व्याक्तीलाई प्रकाउ गरिएको प्रशासन पक्षले जनाएको छ। यसका साथै उनले तस्करी लागू औषध र मनोरोगजन्य पदार्थ बोकेको कुनै वैध कागज-पत्र प्रस्तुत गर्न नसकेपछि एनडीपीएस ऐनको उचित धारा अन्तर्गत विशेष मुद्दा सुरु गर्न पुलबजार थानामा आरोपित व्यक्ति विरुद्ध लिखित उजुरी दर्ता गरिएको प्रशासन पक्षले जनाएको छ। घटनाबारेमा थप अनुष्धान शुरु गरेको समेत प्रशासन पक्षले जनाएको छ।

**ब्राउन शुगर-जफत**

नक्सलबाड़ी थानाको पुलिसले ब्राउन शुगर सित दयाराम जोतका निवासी एक युवकलाई पक्राउ गरेको छ। सूत्रकरु अनुसार, नक्सलबाड़ी थानाको पुलिसले दक्षिण कोटियाजोतमा नशालु पदार्थको कारोबार बारे सूचना पाए पछि हिज अबेर राती अभियान चलाए। यस अवधि पुलिसले एक संदिग्ध युवकलाई पक्राउ गरे। युवकबाट दस ग्राम ब्राउन शुगर फेला परियो । त्येस पछि पुलिसले युवकलाई एनडीपीएस अन्तर्गत मामला दर्ता गरेर  पक्राउ गरे। नक्सलबाड़ी थाना पुलिस अघिल्लो कार्रवाहीमा जुटेको छ।

**मौसम**

पश्चिम बंगालमा बर्षको क्रम जारी छ,तर निम्न दबावको क्षेत्र अब बिस्तारै कमजोर भैरहेको छ अनि बिहार तर्फ बढिरहेको छ , जसको कारण अहिले बंगालमा भारी वर्षा हुने संभावना छैन। प्राप्त जानकारी अनुसार, आकाश दिनभरि बादलले ढाकि रहनेछ अनि केहि क्षेत्रहरुमा गर्जन साथ तिब्र हावासित हल्का देखि मध्यम वर्षा हुने सम्भावना छ। अलीपुर स्थित क्षेत्रीय मौसम विभाग अनुसार, आज पूर्व अनि पश्चिम बर्दवान, नदिया, उत्तर 24 परगना, बीरभूम अनि मुर्शिदाबाद जिल्लामा 40 देखि 50 किलोमीटर प्रति घंटाको गतिमा हावा चल्न सक्छ अनि यी इलाकाहरुमा गर्जन साथ हल्का वर्षा हुनसक्छ। त्येही, कोलकाता सहित अन्य जिल्लाहरुमा आंशिक बादल छाईरहने अनि 30 देखि 40 किलोमीटर प्रति घंटाको गतिमा हावा चलने पूर्वानुमान छ। भोलि सोमवार पनि केहि जिल्लाहरुमा गर्जन साथ वर्षा हुने संभावना छ। आगामी  मंगलवार सम्म दार्जिलिंग, जलपाईगडी , अलीपुरद्वार, कलेबुंग अनि कोचबिहार जिल्लाहरुमा भारी भारी वर्षा हुने अनुमान छ।

****** o ******